प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
दमौली, तनहुँ
फोन नं : ०६५-५६००९१
ई मेल csidbdamauli@gmail.com

च.नि. १०८

पुनः प्रकाशित मितिः २०७७/०८/२६

# प्रविधि हस्तान्तरण सम्वन्धी प्रस्ताव आह्वानको सुचना

यस कार्यालयको चालु आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लघु घरेलु तथा साना उद्यमीहरुलाइ देहाय अनुसारका शर्तहरुको अधिनमा रहि उपयुक्त प्रविधि (मेशीन/उपकरण) हस्तान्तरण गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यालयमा उद्योग दर्ता गरि उद्योग संचालन गरिरहेका उद्यमीहरुलाइ यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिलमा उल्लेखित कागजातहरुसहित यस कार्यालयमा निबेदन पेश गर्नुहुन सुचित गरिन्छ । आबेदन फाराम यस कार्यालयबाट रु.१००/- तिरी प्राप्त गर्न सकिनेछ । रीत नपुगेको वा म्याद नाघि आएको निवेदन उपर कुनै कारवाहि हुनेछैन ।

**अनिवार्य संलग्न हुनुपर्ने कागजातहरुः**

१ उद्यमीको नेपाली नागरिकता प्रमाणपत्र
२ चालु आ.व. सम्म नवीकरण भएको उद्योग दर्ता प्रमाणपत्र
३ स्थायी लेखा नं. दर्ता प्रमाणपत्र
४ आ.व.२०७६/०७७ को करचुक्ता प्रमाणपत्र वा म्याद थप भएको भए आ.व.२०७५/०७६ को करचुक्ता प्रमाणपत्र
५ उद्योगको ब्यवसायिक योजना (स्कीम)
६ अनुभव तथा तालिम लिएको प्रमाण

**शर्तहरुः**

१ कार्यालयमा दाखिला हुने निवेदनहरुको मुल्याँकन तथा छनौट लघु घरेलु तथा साना उद्यमी ( मेशीन/उपकरण) हस्तान्तरण मापदण्ड २०७७ बमोजिम हुनेछ ।
२ प्रविधी (मेशीन/उपकरण) को लागत मुल्यमध्ये लक्षित समुह (कुमाल र दलित समुदाय) ले ८०% र अन्यले ५०% अनुदान पाउनेछन । बाँकी रकम उद्यमी स्वयंले ब्यहोर्नु पर्नेछ ।
३ प्राप्त प्रविधि ३ (तीन) वर्षसम्म अरुलाइ हस्तान्तरण गर्न वा बेचविखन गर्न पाइने छैन । यदि गरेको पाइएमा उक्त प्रविधिको लागत रकम असुलउपर गरि कानुनबमोजिम कारवाही गरिनेछ ।
४ एकपटक प्रविधी प्राप्त गरेपछि तीन वर्षसम्म पुनः प्राप्त हुने छैन ।

**निवेदन पेश गर्ने अन्तिम मितिः २०७७/०९/१०**

२०७७/८/२३

कार्यालय प्रमुख